म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- १४० २०७९ चैत ३० गते बिहीबार 13 April 2023, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-




# बालबोधका ५० छात्रालाई साइकल उपहार



छात्रालाई साइकल हस्तान्तरणपछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हटियाः हेटौंडा उपमहानगरपालिका-१७, हटियास्थित बालबोध माविमा कक्षा ९ र १० का ५० जना छात्रालाई साइकल उपहार दिइएको छ। विद्यालयको ६६ औं अभिभावक दिवसको अवसरमा बुधबार विद्यार्थीलाई साइकल वितरण गरिएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल बहादुर विष्ट, प्रधानाध्यापक रमेश रिजाल, सहायक प्रधानाध्यापक दीपकलाल श्रेष्ठसहित शिक्षक, स्थानीय संस्था र व्यक्तिको सहयोगमा ५० वटा साइकल खरिद गरी विद्यार्थीलाई वितरण गरिएको हो ।

अभिभावक भेलाका प्रमुख अतिथि बागमती प्रदेश सभा सदस्य एवम् निवर्तमान श्रम, रोजगार तथा यातायात मन्त्री एका लाल श्रेष्ठले विद्यार्थीलाई साइकल वितरण गर्नुभयो । साइकल वितरणका लागि स्थानीय अंगारेश्वर खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट २ लाख रुपैयाँ, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल बहादुर विष्टबाट १ लाख रुपैयाँ, प्रधानाध्यापक रमेश रिजालबाट ५१ हजार रुपैयाँ, सहायक प्रधानाध्यापक दीपकलाल श्रेष्ठबाट १० हजार रुपैयाँ, समाजसेवी शम्भु भण्डारी, हेटौंडा-४ का व्यवसायी हरि रिमाल र हेटौंडा-१८ का पोल्ट्री व्यवसायी राजकुमार खत्रीबाट जनही ५० हजार रुपैयाँ, विद्यालयका शिक्षक सिमा हुमागाई र भरतप्रसाद तिमल्सिनाबाट जनही १० हजार रुपैयाँ सहयोग प्राप्त भएको विद्यालयले जनाएको छ। ५ लाख ३१ हजार रुपैयाँ सहयोग संकलन भए पनि ५० वटा साइकल खरिदका लागि ४ लाख २८ हजार रुपैयाँ खर्च भएको विद्यालय प्रधानाध्यापक रमेश रिजालले जानकारी दिनुभएको छ ।

छात्रालाई विद्यालयमा समयमै आइपुग्न, बिहान, साँझको अतिरिक्त कक्षामा पनि पूरा समय सहभागी हुनका लागि सहयोग पुऱ्याउने उद्देश्यले साइकल वितरण गरिएको प्रधानाध्यापक रिजालले जानकारी दिनुभएको छ। छात्राहरु घरको काम पनि भ्याएर हिँडेर विद्यालय आउजाउ गर्ने क्रममा समयमै विद्यालय आउने र घर पुग्ने अवस्था नहुँदा नियमित पठनपाठन र अतिरिक्त कक्षाहरुमा नियमित उपस्थित हुन समस्या देखिएपछि विद्यालयले सहयोग संकलन गरी छात्राहरुलाई साइकल वितरण गरिएको प्रधानाध्यापक रिजाल बताउनुहुन्छ । मकवानपुर जिल्लामा विद्यार्थीलाई यत्ति ठूलो संख्यामा साइकल वितरण गरिएको पहिलो पटक हो ।

अभिभावक भेलामा वडा अध्यक्ष उद्धव सत्यालको पनि आतिथ्य रहेको थियो । १२ कक्षासम्म पठनपाठन हुने बालबोध माविमा ४ सय २८ विद्यार्थी अध्ययनरत छन्। प्रदेश सरकारले उपलब्ध गराएको विद्यालय बसको व्यवस्थापन विद्यालयका लागि चुनौतिपूर्ण बनेको प्रधानाध्यापकको भनाइ छ। विद्यालय बस सञ्चालन गर्दा मासिक ९० हजार रुपैयाँ भन्दा बढी खर्च रहेको र विद्यार्थीसँग न्यूनतम शूल्क उठाउन पनि कठिन हुँदा बस सञ्चालनमा समस्या भएको प्रधानाध्यापकले बताउनुभएको छ ।

### व्यवस्थापन समितिको सदस्य छानिए

यसैबीच बुधबारको अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समितिका ४ जना सदस्य छानिएका छन् । अभिभावकमध्येबाट कक्षा ९ की छात्रा प्रसिद्धी भण्डारीकी अभिभावक कृष्णदेव भण्डारी, कक्षा १० की छात्रा युनिता श्रेष्ठकी अभिभावक सूवर्ण श्रेष्ठ, कक्षा-५ की छात्रा सभ्यता दाहालकी अभिभावक शारदा दाहाल र कक्षा-९ का छात्र अभिराज गौतमका अभिभावक अप्सरा गौतम सर्वसम्मत विद्यालय व्यवस्थापन समितिको सदस्यमा निर्वाचित हुनुभएको छ। वडा प्रतिनिधिको रुपमा वडा अध्यक्ष उद्धव सत्याल नै रहनुभएको छ भने शिक्षक प्रतिनिधिमा छवि सुवेदी चयन हुनुभएको विद्यालयका प्रधानाध्यापक रमेश रिजालले जानकारी दिनुभयो ।

# चुरियामाई मन्दिरमा भारतीय नागरिक मृत फेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५ स्थित चुरियामाई मन्दिर क्षेत्रमा भारतीय नागरिक मनोज हेमराज गिरी मृत फेला परेका छन्। बुधबार बिहान ११ बजेर ३० मिनेटको समयमा अन्दाजी ५५ वर्षका गिरी मृत भेटिएका हुन् । २ वर्षदेखि चुरियामाई मन्दिर छेउ पाल टाँगेर बस्दै आएका गिरीको साथबाट भारतीय आधार कार्ड भेटिएको प्रहरीले जानकारी दिएको छ । चुरियामाइ मन्दिरका पुजारी राजु नगरकोटीले गिरी मृत अवस्थामा रहेको भनी खबर गरेपछि प्रहरी घटनास्थल पुगेको हो ।

# चेपाङ बचाउ अभियानको च्यारिटी

समाज संवाददाता

हेटौंडाः राक्सिराङ गाउँपालिका-८ का निवर्तमान वडा अध्यक्ष रामकृष्ण चेपाङको उपचारका लागि आर्थिक स्रोत जुटाउन च्यारिटी शोको आयोजना गरिने भएको छ। रामकृष्ण चेपाङ एक वर्षदेखि मिर्गौलापीडित भई उपचाररत हुनुहुन्छ। रामकृष्ण चेपाङ बचाउ अभियानले च्यारिटी शो आयोजना गर्ने जनाएको छ। बुधबार हेटौंडामा पत्रकार सम्मेलन गरेर नेपाली चलचित्र बुलाकीको च्यारिटी शो गरिने जनाएको छ । रामकृष्ण चेपाङ बचाउ अभियानका संयोजक शंकर न्यौपानेले च्यारिटी शोबाट १० लाख रुपैयाँ संकलन गर्ने लक्ष्य लिएको बताउनुभएको छ ।

# कंशाकार प्रतिनिधिसभा सदस्यमा सिफारिस



समाज संवाददाता

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मकवानपुरकी विन्दावासिनी कंशाकारलाई समानुपातिकतर्फबाट प्रतिनिधि सभा सदस्य सिफारिस गर्ने निर्णय गरेको छ । यसअघि समानुपातिकतर्फबाट प्रतिनिधि सभा सदस्य निर्वाचित ढाकाकुमार श्रेष्ठलाई साधारण सदस्यसमेत नरहने गरी कारबाही गर्ने निर्णय गरेको रास्वपाले श्रेष्ठको निष्कासनपछि रिक्त हुने प्रतिनिधिसभा सदस्यमा कंशाकारको नाम सिफारिस गर्ने निर्णय गरेको हो ।

दुर्गा प्रसाईंसँग २ करोड रुपैयाँ मागेको श्रव्य सामग्री सार्वजनिक भएसँगै निलम्बनमा परेका श्रेष्ठलाई बुधबार बसेको पार्टीको केन्द्रीय समिति बैठकले साधारण सदस्य समेत नरहने गरी कारवाही गर्ने निर्णय गरेको छ । पार्टी सभापति रवि लामिछानेका अनुसार अनुशासन तथा आचरण समितिको सिफारिस एवं विधान विपरित काम गरेको भन्दै श्रेष्ठलाई कारबाही गरेको जानकारी दिनुभएको छ। प्रतिनिधिसभा सदस्य सिफारिस गरिएकी कंशाकार रास्वपा केन्द्रीय सदस्य हुनुहुन्छ । कंशाकार १० वर्षअघि एसिड आक्रमण पीडित समेत हुनुहुन्छ ।

कंशाकारको नाम सिफारिस भएपछि मकवानपुरवासीले सकारात्मकरुपमा लिँदै विन्दावासिनीलाई बधाइ दिएका छन् । कंशाकार प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि मकवानपुर जिल्लाबाट प्रतिनिधि सभामा ३ जनाको सहभागिता रहनेछ । यसअघि प्रत्यक्षतर्फ दीपक बहादुर सिंह र महेशकुमार बर्तौला निर्वाचित हुनुभएको छ ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।






## सम्पादकीय

# आज दशककै अन्तिम दिन

आज बिहीबार यो दशककै अन्तिम दिन । बिसं २०७० को दशकको आज अन्तिम दिन । भोलि शुक्रबार २०८० सालको सुरुवात हुनेछ । २०७० को दशक नेपाली समाजका लागि महत्वपूर्ण रह्यो । एक दशकको अवधि सामान्य रहन्न । नेपाली समाजको हरेक दशक महत्वपूर्ण राजनीतिक, सामाजिक परिवर्तनको अवधिको रुपमा रहँदै आएको छ । २०७० को दशक मूलत: नेपालको राजनीतिक स्थायित्वका लागि आधार अवधिको रुपमा स्थापित हुने सम्भावना छ । २०७० मा संविधानसभाको दोस्रो पटक निर्वाचन सम्पन्न भयो । दोस्रो संविधानसभाको निर्वाचनसँगै मुलुकमा नयाँ संविधान स्थापित भई सामाजिक, आर्थिक रुपान्तरण र आमूल परिवर्तन हुने अपेक्षा आम नागरिकमा थियो ।

२०७० सालको संविधान सभा निर्वाचनपछि स्थापित सरकारले २०७२ सालमा संविधान जारी गऱ्यो । २०७२ को बैशाखमा महाभूकम्प गएसँगै मुलुकले अकल्पनीय क्षति व्यहोर्नु पर्ने अवस्था रह्यो । भूकम्पले दिएको चोटलाई नेपाली समाजले आफ्ना प्रतिनिधिमार्फत जारी भएको संविधानको उपलब्धीसँग जोडेर हेरेका छन् । कतिपयको विश्लेषण छ कि यदि भूकम्पको पीडा सहनु नपर्ने अवस्था हुन्थ्यो भने नेपालमा संविधान पनि जारी हुने थिएन । एउटा राष्ट्रिय चोटबाट घाइते नभई, विचलित नभई सम्भव भएसम्मको प्रयासबाट महत्वपूर्ण उपलब्धीलाई आत्मसात गर्नु २०७२ सालमा संविधान जारी हुनुलाई लिन सकिन्छ ।

संविधान जारी भएपछि २०७४ सालको तीनै तहको निर्वाचनले मुलुकलाई नयाँ संरचनामा स्थापित गर्न सफल भयो । यद्यपि आम नागरिकको अपेक्षा, आवश्यकता र आधारभूत रुपमा पनि राज्य व्यवस्थाले गर्नुपर्ने कामको ढाँचाहरुलाई स्थापित गर्न नसक्दा राजनीतिक उपलब्धीपछिको सामाजिक, आर्थिक विकासको अपेक्षा पूरा हुन सकेन । २०७४ सालको निर्वाचनमा मुलुकको कम्युनिष्ट शक्तिबीचको एकताको सन्देशले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले बहुमत प्राप्त गर्न सफल भयो । संविधान जारी भएपछि नागरिकको विकासको अपेक्षालाई पूरा गर्ने वाचा गरेका दलहरुले अपेक्षित काम गर्न सकेनन् । २०७९ मा तीनै तहको निर्वाचनमा प्रकट भएको जनमत, नयाँ र स्वतन्त्र भनिएको दलहरुको उदयले यो दशकको अन्त्यतिर नयाँ सम्भावनालाई पनि संकेत गरिरहेको छ । यद्यपि नेपाली समाजको सकारात्मक संकेतहरुले अपेक्षित नतीजा दिन सक्ने क्षमता भने राख्दैन ।

यो दशक कोभिड-१९, सिन्धुपाल्चोकको जुरे पहिरो पनि नेपाली समाजलाई तितो अनुभवको स्मृति गराउने दशक हुनेछ । यो दशकको अन्त्यतिर आइपुग्दा अन्तर्राष्ट्रिय अस्थिरताको प्रभावस्वरुप आर्थिक संकटको सामना गर्न बाध्य छौं । राज्य व्यवस्था झन्-झन् कमजोर र धरासायी बन्दै गएको छ । विदेशिने मजबुर मजदुर मात्रै नभई सुखी समूहको संख्या पनि उत्तिकै बढोत्तरी हुँदै जानुले नेपाली समाजको भविष्यमा अझ जटिल चुनौति तेर्सिने निश्चित छ । भोगेको दशकलाई नबिर्सी, सोँच, विचार गरेर आगामी दशकको योजना बनाउन जरुरी छ । आशा छ मुलुकको अगुवादेखि घरका अगुवा र हरेक व्यक्तिको अगुवा मनले सकारात्मक चिन्तन गर्दै आगामी समयलाई सहज र सुन्दर बनाउन सक्दो प्रयत्न गर्नेछ । आजबाट हामीले छाड्दै गरेको २०७० को दशकबाट हामीले राम्रा ज्ञान र नराम्रा सिकाईलाई साथमै लिएर २०८० को दशकको सुरुवात गर्नेछौं । सबैमा बितेको दशकबाट सिकेर आगामी दशकका लागि आआफ्नो क्षमता अभिवृद्धिको प्रयासमा सफल होऔं ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाइ-लेखाइ मध्यम कारक रहेको देखिन्छ ।
**वृष** : व्यापार-व्यवसाय कारक रहेको छ ।
**मिथुन** : प्रतिस्पर्धाबाट विजय प्राप्त हुने समय योग छ ।
**कर्कट** : व्यापार-व्यवसाय मध्यम फलदायी छ ।
**सिंह** : एक-अर्काका त्रुटीप्रति होसियारी पुऱ्याउनु पर्ला ।
**कन्या** : व्यापार-व्यवसायमा सुधार रहने योग छ ।
**तुला** : मनमा उत्साह र फुर्ती बढ्ने समय योग छ ।
**वृश्चिक** : अध्ययन-अध्यापनबाट त्यति लाभ नहोला ।
**धनु** : अप्ठ्यारा अवस्थाको निराकरण हुनेछ ।
**मकर** : कर्मसिद्धिको समय योग रहेको देखिन्छ ।
**कुम्भ** : व्यापार-व्यवसाय मध्यम फलदायी रहेको छ ।
**मीन** : पारिवारिक अस्वस्थता बढ्ने समय योग छ ।

# नयाँ वर्ष २०८० लाई स्वागत



✍अमर अधिकारी

*साधारणतया चैत्र शुक्लप्रतिपदा भएको तथा मेषराशिमा सूर्य प्रवेश गरेको दिन अर्थात् वैशाख १ गतेलाई नयाँ वर्षको पहिलो दिन मान्ने प्रावधान छ । तर कालगणना गर्दा अढाई-अढाई वर्षमा पर्ने अधिकमास (मलमास) का कारण र कहिलेकाहीं तिथि क्षय हुने हुंदा समय मिलाउँदा एकैदिन दुवै कुरा सधैं एकैचोटि पर्दैनन् ।*

नयाँ वर्षको प्रसङ्ग आउनासाथ हामी सबैको मनमा नयाँ उत्साह जागृत हुन्छ। अहिले हामी नेपालसहित एशियाका विभिन्न देशमा फेरि एउटा नयाँ वर्ष मनाउने क्रममा छौँ । हामी २०७९ साललाई विदा गरेर २०८० साललाई स्वागतगर्ने क्रममा छौं ।

सांस्कृतिक विविधता भएका विभिन्न देशमा अनेकौं संवत् र पात्रो/पञ्चाङ्गहरू प्रचलनमा छन्। त्यसैले त्यहाँ ३६५ दिनमा धेरै नयाँ वर्षहरू मनाउने गरिएको पाइन्छ । नेपालमा विक्रम संवत्ले सांस्कृतिक र औपचारिक मान्यता पाएको छ । त्यसअनुसार वैशाख १ गते संवत् २०८० को नयाँ वर्ष मनाइँदैछ। यो दिन वर्ष परिवर्तन भएको मान्ने चलन नेपालमा मात्र सीमित छैन । भारत, बंगलादेश र श्रीलङ्कासहित एशियाका केही अन्य देशमा पनि यही दिन नयाँ वर्ष मनाइन्छ ।

गणितीय र ज्योतिषीय ज्ञान विस्तार भएसँगै समयलाई दिन र रातमा मात्र सीमित नराखेर वार, तिथि, महिना र वर्षजस्ता अवधिमा वर्गीकरण गरियो । संवत् जुनसुकै भए पनि पूर्वीय ज्योतिषीय परम्परा अनुसरण गर्ने अधिकांश पञ्चाङ्गमा वैशाख १ मा नयाँ वर्ष आरम्भ हुन्छ । सूर्यको स्थितिअनुसार दिनरात र मिति छुट्याइने कुरा त सर्वविदितै छ । त्यसैगरी चान्द्रमाको कलाअनुसार तिथि र पक्ष निर्धारण गरिन्छ । चान्द्रमानबाट हेर्दा चैत्र शुक्लप्रतिपदाको दिनदेखि नयाँ वर्ष मान्ने र सौरमानअनुसार सूर्य मेषराशिमा प्रवेश गर्ने प्रथम सूर्योदयलाई वर्षको पहिलो दिन मान्ने चलन छ । शुक्लपक्षको प्रतिपदा (परेवा) देखि कृष्णपक्षको अमावास्या (औँसी) सम्मको अवधिलाई चन्द्रमान भनिन्छ । एउटा राशिमा सूर्य प्रवेश गरेको समय (सङ्क्रान्ति) देखि अर्को राशिमा सूर्य प्रवेश गरुन्जेल (अर्को सङ्क्रान्ति) सम्मको अवधिलाई सौरमान भनिन्छ ।

साधारणतया चैत्र शुक्लप्रतिपदा भएको तथा मेषराशिमा सूर्य प्रवेश गरेको दिन अर्थात् वैशाख १ गतेलाई नयाँ वर्षको पहिलो दिन मान्ने प्रावधान छ । तर कालगणना गर्दा अढाई-अढाई वर्षमा पर्ने अधिकमास (मलमास) का कारण र कहिलेकाहीँ तिथि क्षय हुने हुँदा समय मिलाउँदा एकैदिन दुवै कुरा सधैँ एकैचोटि पर्दैनन् । त्यसैले चान्द्रमान र सौरमानअनुसार गणना गरेर नयाँ वर्ष निर्धारण गर्न थालिएको पाइन्छ ।

नेपालको राष्ट्रिय पात्रो पनि हिन्दू पञ्चाङ्गमा आधारित विक्रम संवतअनुसार छ । यो प्राचीन हिन्दू परम्परा एवं वैदिक गणितमा आधारित सौर्य पात्रो हो । यो ग्रेगोरियन पात्रो (इस्वी संवतको पात्रो) भन्दा ५७ वर्ष ८ महिना १५ दिन अगाडि छ । विक्रम संवत् नेपालमा आधिकारिक रुपमा चन्द्र शमशेरको पालादेखि सुरु भएको हो ।

पुरानो वर्ष पूरा भएर नयाँ वर्ष लाग्ने क्रममा त्यसलाई विशेष उत्साह एवं उमङ्गका साथ मनाइने विश्वव्यापी चलन छ। अहिलेसम्म विश्वमा कहिलेदेखि नयाँ वर्ष मनाउन थालियो भन्ने कुनै स्पष्ट प्रमाण छैन तैपनि पृथ्वीमा जहिलेदेखि समयको गणना वर्षमा गन्ने चलनको विकास भयो, त्यहीँबाट नयाँ वर्ष मनाउने चलन चलेको हो भन्न सकिन्छ। नेपालमा विभिन्न किसिमका नयाँ वर्ष मनाइन्छन् । तीमध्ये विक्रम संवत् पनि एक हो ।

विक्रमादित्यले चलाएको मानिने यो संवत् कहिलेदेखि, किन र कसले चलायो भन्ने विषयमा विद्वान्हरूबीच मतैक्य छैन । विक्रमको अर्थ पराक्रम भएको हुँदा यो उज्जैनका विक्रमादित्यले चलाएका हुन् कि गुप्त शासकहरूमध्ये कसैले चलाएका हुन् कुनै टुङ्गो छैन । कतिपयले यो संवत् नेपालकै एक राजाबाट चलाइएको हो समेत भनेका छन् तर त्यसको पनि पर्याप्त आधार पाइँदैन । यसमा पनि अलि भरपर्दो के देखिन्छ भने भारतको मालवा राज्यमा गणतन्त्र आएपछि विक्रम संवत् त्यहीँबाट ईशापूर्व ५७ देखि सुरु भएको हो ।

### प्रचलनमा रहेका अन्य विभिन्न संवत्हरूः

### नेपाल संवत्

नेपाल संवतलाई नेपालको मौलिक संवत् पनि मानिन्छ । यसको सुरुवात शंखधर साख्वाले गरेका थिए। नेपाल संवत् ११३३ वर्ष पहिले भक्तपुरका राजा राघव देवको आज्ञामा चलाइएको थियो। यो संवत् नेपालमा चन्द्रसमशेर राणाको कार्यकालसम्म औपचारिक रूपले प्रचलनमा रह्यो । यो संवत्को पहिलो दिन विक्रम संवतको कार्तिक शुक्ल पक्ष प्रतिपदाका दिनमा हुन्छ । यो दिनलाई विशेषतः नेवार समुदायले न्हुदँ अर्थात् नयाँ वर्षको रुपमा मनाउने गर्दछन्। यो संवत्मा एक औँसीबाट अर्को औँसीलाई एक चन्द्रमास भनिन्छ। १२ औँसीको एक वर्ष हुन्छ त्यसैले ३५४ दिनको एक वर्ष हुन्छ। तीन वर्षमा एकचोटि अनला महिना अथवा पुरुषोत्तम महिना १३ औं महिना आउँछ ।

### ल्होसार

ल्होसार नेपालमा तामाङ, शेर्पा, गुरुङ, थकाली आदि जातिले नयाँ वर्षको आरम्भको रूपमा मनाउँछन् । 'ल्होछार' शब्दमा 'ल्हो' को अर्थ वर्ष वा साल हुन्छ भने 'छार' वा 'सार'को अर्थ नयाँ भन्ने हुन्छ । यसैले ल्होसारको अर्थ नयाँ वर्ष वा नयाँ साल भन्ने हुन्छ। ल्होसार मनाउने समुदायले यस्ता 'ल्हो' अर्थात वर्ष बाह्रवटा भएको विश्वास गर्छन् । बाह्र वर्षको नाम मुसा, गाई, बाघ, बिरालो, गरुड, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर, सुँगुर आदि वर्ष भनेर पशुपक्षी तथा जीवजन्तुका नामबाट राखिएको पाइन्छ । बाह्र वर्ष समाप्त भएपछि फेरि उही नाम दोहोऱ्याएर वर्ष गनिन्छ । यसरी यी समुदायले बाऱ्ह वर्षको एक युगको परिकल्पना गरेको हुनसक्छ । नेपालमा ल्होसार पनि तमु, सोनाम र ग्याल्पो गरी तीन प्रकारका छन् जुन फरक-फरक समयमा मनाइन्छन् ।

### इस्वी संवत्

इस्वी संवत् ग्रेगोरियन क्यालेण्डर वा क्रिश्चियन क्यालेण्डरमा आधारित साल हो । यसमा जनवरी १ तारिखको दिनमा नयाँ वर्षको सुरुवात हुन्छ। यो दिन विशेष क्रिश्चियन धर्मालम्बीहरूले नयाँ वर्षको रूपमा मनाउने भए तापनि हिजोआज विश्वका प्रायः सबै देशहरूमा यही दिन नयाँ वर्ष मनाउने गरिन्छ । यो संवत् विश्वमै बढी चलेको संवत् मानिन्छ । नेपालमा पनि यो संवत् अनुसारको नयाँ वर्ष धूमधामका साथ मनाइन्छ ।

### हिजरी संवत्

इस्लामी पञ्चाङ्ग वा क्यालेण्डर वा मुस्लिम क्यालेण्डरअनुसार हिजरी संवत् मनाइन्छ । यो चन्द्रमानमा आधारित क्यालेण्डर हो । इस्लामिक धार्मिक पर्व यसै पात्रोअनुसार मनाइने हुँदा यो संवत् इस्लामिक मुलुकहरूका साथै विश्वभर छरिएर रहेका मुस्लिमहरूले जानकारीमा राखेका हुन्छन् । यो संवत्अनुसार वर्षमा बाऱ्ह महिना तथा ३५४ वा ३५५ दिन हुन्छन् । यो सौर क्यालेन्डरदेखि ११ दिन कम छ । तर यसमा इस्लामिक धार्मिक तिथिहरू स्थिर हुन्छन् तसर्थ प्रत्येक वर्ष पछिल्लो सौर क्यालेण्डरदेखि ११ दिन पछि हुन जान्छन् । जसलाई हिजरा वा हिजरी पनि भनिन्छ। हजरत मुहम्मद मक्काबाट मदीना फर्किएको दिनदेखि हिजरी संवत् सुरु भएको मानिन्छ । इस्लामी क्यालेण्डरका महिनाहरू मुहर्रम, सफर, रबी अल अव्वल, रबी अल थानी, जुमाद अल उला, जुमाद अल थानी, रज्जब, शआबान, रमज़ान, शआबान, धू अल किदाह र धू अल हिज्जाह हुन् । नेपनमा पनि मुस्लिम समुदायले यो संवत् मनाउने गरेका छन् ।

### नयाँ वर्ष मनाउने विभिन्न तरिकाहरूः

**नेपाल**ः नयाँ वर्षका दिन उपत्यकामा विभिन्न जात्रा एवं पर्व मनाइन्छ । बालाजु बाइसधारामा स्नान गरी नागार्जुनको डाँडास्थित जामाचो बौद्ध स्तूपाको दर्शन, विष्णुमती नदीको मुहान सपनतीर्थ स्नान गरिन्छ। त्यस्तै भक्तपुर को बिस्केट जात्रा तथा ठिमीको जिब्रो छेड्ने जात्रा आदि पनि नयाँ वर्ष फेरिने परम्परासँगै सम्बन्धित छन् । यसरी नेपालीको नयाँ वर्षका रूपमा प्रचलित मेष संक्रान्ति अर्थात् वैशाख संक्रान्तिलाई हर्षोल्लासपूर्वक मनाइन्छ । यसले नयाँ आशा सञ्चार गराउने भएकाले पुरानो कुरा छाडेर नवीनतातर्फ पाइला चाल्ने सुअवसरका रूपमा नेपालीहरूले नयाँ वर्ष मनाउने संस्कृति पछ्याएका हुन् ।

नयाँ वर्षको दिन सूर्य मीन राशिबाट मेष राशिमा सर्छ । मेष सूर्यको उच्च राशि पनि हो। फेरि मेष राशिको स्वामी मंगललाई ज्योतिष शास्त्रमा सूर्यको मित्र राशि मानिन्छ। यी दुई प्रक्रियालाई हेर्दा के भन्न सकिन्छ भने जसरी मित्रको घरमा गएर बस्दा आनन्द र खुसी प्राप्त हुन्छ, उच्च पदमा पुग्दा उत्सव मनाइन्छ त्यसरी नै सूर्यको अवस्थिति विचार गरेर नयाँ वर्षका दिन उत्सव एवं मांगलिक कार्य गर्ने चलन चलेको हो । आफ्नो परम्परा, धर्म, संस्कृति एवं सभ्यताको रक्षाका लागि नयाँ वर्ष मनाउनु त छँदै छ त्यसबाहेक वर्षभरिका तीतामीठा पलहरुलाई बिसाएर नवीन उत्साहका साथ नयाँ दिन थाल्ने र सुरुको दिन राम्रो बनाएपछि वर्षभरि नै राम्रो हुने विश्वास बोकेर नयाँ वर्ष मनाउने चलनको विकास भएको छ ।

**भारत**ः भारतमा स्थानैपिच्छे नयाँ वर्ष मनाउने तरिका फरकफरक रहेको पाइन्छ। बङ्गालमा नयाँ वर्षको उपलक्ष्यमा देवीदेवताको पूजा गरी नाचगान र हाँसखेल गरिन्छ। कुमाउ र गढवालमा नयाँ वर्षको दिनमा पहेंलो लुगा लगाएर आफ्नो बन्धुलाई उपहार प्रदान गरिन्छ। आसाममा यस दिन पशुको पूजा गर्दछन्। पञ्जाबमा पनि यस दिन भाँगड नृत्य आयोजना गर्नुका साथै गणेश र लक्ष्मीको पूजा गरी सामूहिक रुपमा नाचगान गरिन्छ । राजस्थानमा पनि नयाँ वर्षको अवसरमा मीठामीठा परिकार खाएर आपसमा रमाइलो गरिन्छ भने जनजाति विशेषले आफ्ना मन नपरेका जीवनसाथी भए तिनीहरुसँग छोडपत्र गरी नयाँ जीवनसाथी छान्ने प्रचलन समेत रहेको पाइन्छ ।

**चिन**ः चिनमा नयाँ वर्ष लुनार (चन्द्रमामा आधारित) पात्रोको शुरुवातसँगै सुरु हुन्छ । त्यो दिन आकाशमा नयाँ चन्द्रमा हुन्छ जुन १४ दिनपछि लालटिन पर्वसँगै अन्त्य हुन्छ । चिनियाँ पात्रो र मितिहरु चन्द्रमामा आधारित हुन्छन्। चिनियाँ नयाँ वर्ष (स्प्रीङ फेस्टिवल) विश्वभर फैलिएका चिनियाँहरुले धूमधामका साथ मनाउँछन् । बिदाको दिन साँझमा चिनियाँहरु परिवारमा जम्मा भई खाना खान आउने गर्दछन् । त्यो खानालाई 'रेयुनिनल डिनर' भन्ने गरिन्छ । हाम्रो दशैंमा जस्तै चिनियाहरु जतिसुकै टाढा गएका भए पनि यो समय आफ्नो परिवार सँग भेट्ने कोसिस गर्छन् । खानामा र माइलो गर्नुको साथसाथै परिवारसँगै नयाँ वर्षको सन्ध्याको पर्व पनि हेर्ने गर्छन । विवाहित छोरीहरु पनि आफ्नो आमाबुबालाई भेट्न माइत जाने गर्छन् ।

नयाँ वर्षको सुरुवातका पहिला केही दिनहरुमा चिनियाँहरु आफ्नो हजुरबुबा हजुरआमा, आमाबुबा साथीहरु र नातेदारहरुसँग भेटघाट गर्ने गर्छन । वृद्ध तथा विवाहित मानिसहरु बच्चाहरुलाई रातो कागजवाला प्याकेट दिन्छन् । त्यो प्याकेटभित्र पैसा हुन्छ जुन भाग्यले दिएको विश्वास गरिन्छ ।

चिनियाँहरु घुम्न जाँदा नयाँ कपडाहरु लगाएर जाने गर्छन् जुन प्रायः रातो रङ्गको हुन्छ । उनीहरु एकहर्कालाई शुभकामना दिन विशेष वाक्यांशहरु प्रयोग गर्छन् । शुभकामनाका लागि म्यान्डारिन सुन्तला पनि साटासाट गर्छन् ।

नयाँ वर्ष उत्सवको अन्तिम दिन अर्थात् लालटिन पर्वका दिन सबैजसो घरमा परिवारहरु जम्मा भई चिप्लो चामलबाट बनेको परिकार पकाउँछन् र यी परिकारहरुलाई गुलियो सुपसँग खान्छन्। सबैतिर लालटिनहरूले सजाइएको हुन्छ। यो दिनमा परम्परागत रुपमा युवक तथा युवतीहरूले आफ्नो जीवनसाथी छान्ने चलन रहिआएको छ ।

इन्डोनेसियामा नयाँ वर्षलाई 'गोलुगान' भन्छन् । त्यसदिन त्यहाँका मानिस नयाँ लुगा लगाउँछन्। मीठामीठा परिकार खाएर एक आमसमा बधाई तथा शुभकामना व्यक्त गर्दछन्।

मङ्गोलियामा नयाँ वर्षका दिन रातभरि जागा रहेर आफ्ना आमाबाबु तथा मान्यजनबाट आशीर्वाद लिने तथा मीठा परिकार खाएर रमाइलो गर्ने चलन छ ।

खाडी मुलुक कुवेतमा नयाँ वर्षको अवसरमा रातभरि घरमा दीपावली गरी खुसीले शुभकामना आदानप्रदान गरी नाचगान गर्छन् ।

मेक्सिकोमा जनजातिको वाहुल्य भएको स्थानमा नयाँ वर्षका दिन चर्चमा गएर रमाइलो गर्छन्। यस दिन सामूहिक विवाह गर्ने चलन पनि छ ।

जर्मनीमा नयाँ वर्षका दिन पानीले भरिएको धातुको भाँडामा सिक्का खसालेर त्यसको आकृतिलाई नियाली भविष्यवक्ताहरुले सर्वसाधारणको भविष्यवाणी गर्ने चलन छ ।

पोर्चुगलमा नयाँ वर्षको दिन साँढे जुधाएर रमाइलो गर्नुका साथै सहरभरि धुनी जगाएर पटाकावाजी गरेर धूमधामका साथ रम्ने रमाउने प्रचलन छ ।

बेलायतमा ३१ डिसेम्बरदेखि नै झिलिमिली बत्ती बालिन्छ । मानिसहरू नयाँ रङ्गीचङ्गी लुगा लगाएर नाच्छन् भने रातको ठीक १२ बजे बढाइँ हुन्छ। यसको अर्थ पुरानो वर्ष बितेर नयाँ वर्षको सुरुआत भएको भन्ने हुन्छ ।

आम मानिसमा पनि नयाँ वर्ष भन्नासाथ खुसी र उमङ्ग सञ्चार हुन थाल्छ। उत्सवका रूपमा मनाइने भएकाले नेपाली लोक जीवनमा नयाँ वर्षको विशेष स्थान छ । नयाँ वर्ष मनाउने सबैको आ-आफ्नै तरिका भए पनि यो उत्सव शुभ होस् भन्ने साझा उद्देश्यका साथ मनाइन्छ। यो मानव वा कुनै पनि संघसस्थाले गरेका वर्ष दिनको कामको समीक्षा पनि हो । त्यसैले यो दिन विगतबाट पाठ सिक्दै वर्तमान राम्रो बनाउन प्रयत्न गरिन्छ।

नयाँ वर्षका दिन आपसमा सद्भावको आदानप्रदान गर्ने, शुभकामना लिने दिने, साथीभाइ ईष्टमित्र भेटघाट गर्ने, वनभोज कार्यक्रमको आयोजना गर्ने, मठ मन्दिर, मष्जिद, चर्च जस्ता धार्मिक स्थानमा गई पूजाआजा गर्ने, प्रार्थाना गर्ने, ध्यान गर्ने, मीठामीठा परिकार खाने आदि गरिन्छ । यो दिन नेपालमा सार्वजनिक बिदा पनि हुन्छ । विगतका नराम्रा क्रियाकलापलाई सच्याएर नयाँ जोश र जाँगरका साथ आफ्नो कर्मक्षेत्रमा लागेर आर्थिक सामाजिक र सांस्कृतिक विकास गर्ने प्रेरणा मिलोस् भनेर कामना गरिन्छ । नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा सबैको सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना ।

# डिभिजन वनमार्फत काठ विक्री सुरु



थाहा नगरको पालुङमा स्थापना गरिएको काठ डिपोमा काठ पुऱ्याइँदै ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाका दुईवटा डिभिजन वन कार्यालयमार्फत काठ विक्री सुरु भएको छ । मकवानपुरको मनहरी गाउँपालिकास्थित डिभिजन वन कार्यालय राप्ती र हेटौंडास्थित डिभिजन वन कार्यालय मकवानपुरमार्फत काठ विक्री सुरु गरिएको डिभिजन वन कार्यालय राप्तीका प्रमुख विष्णुप्रसाद आचार्यले जानकारी दिनुभएको छ ।

जिल्ला वन पैदावार आपूर्ति समितिमार्फत सर्वसाधारणलाई चिरान काठ विक्री गर्ने गरी डिभिजन वन कार्यालय राप्तीअन्तर्गतको सव-डिभिजन वन कार्यालय पालुङमा डिपो स्थापना गरिएको छ। यस्तै हेटौंडामा भने डिभिजन वन कार्यालयमै काठको माग गरी आवेदन दिन सकिनेछ । यसअघि आपूर्ति समितिमार्फत गोलाइ नै विक्री गर्दै आएकोमा अबदेखि भने चिरान नै विक्री गर्ने व्यवस्था मिलाइएको छ ।

आपूर्ति समितिसँग करिब ४० हजार सेफ्टी काठ उपलब्ध रहेकोले उपाभोक्ताको मागअनुसार काठ उपलब्ध गराउन सकिने आचार्यको भनाइ छ। "हामीसँग जिल्लामा अहिले ४० हजार सेफ्टी भन्दा बढी काठ उपलब्ध छ । हामी मर्मत कार्यका लागि २० सेफ्टी र नयाँ घर बनाउनका लागि ५० सेफ्टी चिरान उपलब्ध गराउने छौं," आचार्यले भन्नुभयो, "डिभिजन वन कार्यालय मनहरीको कार्यक्षेत्रअन्तर्गत थाहा नगर र आसपासको क्षेत्रलाई सहजताका लागि पालुङमा डिपो स्थापना गरिएको छ । काठको डिपो राख्न थाहा नगर पालिकाले स्थान उपलब्ध गराउनेदेखि डिपो व्यवस्थापनमा पनि सहयोग गरिरहेको छ ।"

वडा र पालिकाको सिफारिसमा सजिलै काठ उपलब्ध गराउन तयार रहेको आचार्यले स्पष्ट पार्नुभएको छ । वन क्षेत्र नभएका उपभोक्तालाई लक्षित गरी आपूर्ति समितिले सामुदायिक वनसँग प्राप्त गरेको काठ नै विक्री गर्ने हो । पालुङ डिपोमार्फत चिरान प्रतिसेफ्टी ३ हजार ८ सय रुपैयाँमा विक्री गरिनेछ । अहिले बजारमा औसत ६ हजार रुपैयाँमा प्रति सेफ्टी काठको कारोबार भइरहेको छ। आपूर्ति समितिबाट सहुलियतमा प्राप्त हुने काठको दुरुपयोग नहोस् भनी आचार्यको संयोजकत्वमा अनुगमन समिति समेत बनाइएको छ। मर्मतका लागि २० सेफ्टी र नयाँ घर बनाउन ५० सेफ्टी काठ पर्याप्त हुने आचार्य दावी गर्नुहुन्छ। डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख शिव सापकोटाको अगुवाई र अग्रसर तामा आपूर्ति समितिमा रहेको काठ विक्री गर्ने अवस्था आएको डिभिजन वन कार्यालय राप्तीका प्रमुख आचार्य बताउनुहुन्छ ।

# आधुनिकको सभाकक्ष शिलान्यास

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविमा सभाकक्ष निर्माण कार्य सुरु भएको छ। बुधबार बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले सभाकक्षको शिलान्यास गर्नुभएको छ । सभाकक्ष निर्माणका लागि संघीय सरकारले ७० लाख रुपैयाँ बजेट प्राप्त भएको छ ।

५ सय विद्यार्थी सहभागी हुन सक्ने सभाकक्ष निर्माणका लागि प्राप्त बजेट आगामी असार मसान्तसम्म खर्च गरिसक्ने र आगामी आर्थिक वर्षमा पनि थप बजेट माग गरी निर्माण कार्य पूरा गर्नुपर्ने विद्यालयका शिक्षक कृष्णगोपाल श्रेष्ठ बताउनुहुन्छ । संघीय सरकारबाट प्राप्त बजेटले सभाकक्ष निर्माणको कार्य उपभोक्ता समितिमार्फत भइरहेको छ । भवन शिलान्यास कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, कर्मचारीको सहभागिता रहको थियो ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि

# जनज्योति माविको नतिजा प्रकाशन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१४, मयूरधापमा रहेको जनज्योति माध्यमिक विद्यालयले नतिजा प्रकाशन गरेको छ । विद्यालयको इसीइडीदेखि कक्षा ७ सम्म र कक्षा ९ का विद्यार्थीहरुको वार्षिक परीक्षाको नतिजा सार्वजनिक गरिएको हो ।

विद्यालयमा १० कक्षासम्म ५ सय ६० जना विद्यार्थी भर्ना भएको विद्यालयका सहायक प्रधानाध्यापक हरि पौडेलले बताउनुभयो। वार्षिक परीक्षासम्म आइपुग्दा इसीइडीदेखि कक्षा ७ सम्म र कक्षा ९ मा ४ सय २४ जना विद्यार्थी रहेको उहाँले जानकारी दिनुभयो। विद्यालयको कक्षा ८ मा ५२ जना र कक्षा १० मा ५१ जना विद्यार्थीले परीक्षा दिएको उहाँले बताउनुभयो।

सोमबार नतिजा सार्वजनिक गरिएको ४ सय २४ जना विद्यार्थीमध्ये ३ सय ४६ जना सफल र ७८ जना असफल भएका छन् । विद्यालयबाट औसतमा ८२ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । विद्यालय भर्ना भएका ३३ जना विद्यार्थीले बिचमै पढाई छाडेको पौडेलले जानकारी दिनुभयो।

विद्यालयको इसीइडी र कक्षा २ मा शत प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। इसीइडीमा परीक्षा दिएका १४ जना र कक्षा २ मा परीक्षा दिएका ३३ जना विद्यार्थी उत्तीर्ण भएका हुन् । विद्यालयको नर्सरी कक्षामा भर्ना भएका २५ जना विद्यार्थीले परीक्षा दिएकोमा २४ जना सफल भएको सहायक प्रधानाध्यापक पौडेलले बताउनुभयो।

केजी कक्षामा भर्ना भएका २८ जना विद्यार्थीमध्ये २६ जना वार्षिक परीक्षामा सहभागी भएका छन् । वार्षिक परीक्षामा केजीबाट २५ जना विद्यार्थी सफल भएका छन् । यस्तै, कक्षा १ मा भर्ना भएका २५ जनामध्ये २४ जना परीक्षामा सहभागी थिए । कक्षा १ मा परीक्षा दिएका २४ जनामध्ये २३ जना सफल भएको पौडेलले जानकारी दिनुभयो ।

कक्षा ३ मा ३६ जना विद्यार्थी भर्ना भएकोमा ३२ जनाले वार्षिक परीक्षा दिएको र ३१ जना विद्यार्थी सफल भएका छन् । ३१ जना विद्यार्थी भर्ना भएको कक्षा ४ मा २९ जनाले वार्षिक परीक्षा दिएको र २५ जना सफल भएको उहाँले जानकारी दिनुभयो। यसैगरी, ५३ जना विद्यार्थी भर्ना भएको कक्षा ५ मा ५१ जना विद्यार्थीले वार्षिक परीक्षा दिएकोमा ४१ जना सफल भएको सहायक प्रधानाध्यापक पौडेलले बताउनुभयो।

कक्षा ६ मा भर्ना भएका ६० जना विद्यार्थीमध्ये ५८ जनाको परीक्षामा सहभागिता रहेको थियो । परीक्षामा सहभागीमध्ये ३४ जनामात्र सफल भएको र २४ जना विद्यार्थी कक्षा ६ मा असफल भएको उहाँले जानकारी दिनुभयो । कक्षा ७ मा भर्ना भएका ७१ जना विद्यार्थीमध्ये ६८ जना परीक्षामा सहभागी भएको र ४६ जना सफल भएको उहाँले बताउनुभयो। कक्षा ७ मा २२ जना विद्यार्थी असफल भएका छन्।

कक्षा ९ मा ७६ जना विद्यार्थी भर्ना भएकोमा ६४ जना वार्षिक परीक्षामा सहभागी भएका थिए । जसमध्ये ५० जना विद्यार्थी सफल भएको र १४ जना असफल भएको पौडेलले जानकारी दिनुभयो ।

सहायक प्रधानाध्यापक पौडेलका अनुसार नतिजा पहिलाको जस्तै रहेको छ । अहिलेभन्दा आगामी वर्षमा अझ राम्रो बनाउन प्रयास गर्ने उहाँले बताउनुभयो। गत वर्षमा विद्यालयले अभिभावकसँग नियमित छलफल गरेको, शिक्षकलाई तालिम दिएको, बालमैत्री कार्यक्रम गर ेको, अतिरिक्त तथा सिर्जनशील गतिविधिमा जोड दिएको उहाँले जानकारी दिनुभयो । आगामी शैक्षिक सत्र २०८० का लागि पनि विद्यालयले विभिन्न योजना बनाएको छ। विद्यार्थीका लागि चेतनामूलक कार्यक्रम, हाजिरीजवाफ प्रतियोगिता, शिक्षक तालिम, अभिभावकसँग अन्तरक्रिया आदि योजना बनाएको पौडेलले जानकारी दिनुभयो ।


## फर्म सूचीकृत गर्नेसम्बन्धी सूचना

(प्रथमपटक सूचना प्रकाशित मितिः २०७९/१२/३० गते)

यस विद्यालयमा शैक्षिक सामग्री तथा विद्यार्थीका लागि आवश्यक फर्निचर आपूर्तिका लागि विद्यालय व्यवस्थापन समितिको मिति २०७९।१२।२८ गतेको निर्णयअनुसार इच्छुक फर्महरुले यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र नियमानुसार सूचीकृत हुन आव्हान गरिन्छ ।

प्रधानाध्यापक
**भृकुटी माध्यमिक विद्यालय**
उत्तरपानी, हेटौंडा-१४

**श्री अमर माध्यमिक विद्यालय**
हेटौंडा-१, मकवानपुर

## शिक्षक आवश्यकता

सूचना प्रकाशित मितिः २०७९/१२/३० गते

उपर्युक्त सम्बन्धमा शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिकाको च.नं. ७३५९ मिति २०७९/१२/२१ को प्राप्त पदपुर्ति अनुमति पत्रानुसार र वि.व्य.स को मिति २०७९/१२/२८ को निर्णयानुसार यस विद्यालयलाई प्राप्त मा.वि शिक्षण सिकाइ अनुदान रकमबाट तपशील बमोजिमको माध्यमिक शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित् योग्यता पुगेका नेपाली नागरिकहरुबाट आजको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

तपशील :

| क्रस | विज्ञापन नं. | पद | विषय | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | मा.वि अनुदान शिक्षक | अंग्रेजी | १ |
| २ | ०२/०७९/०८५० | मा.वि अनुदान शिक्षक | विज्ञान | १ |

उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक ।
तलबः नेपाल सरकारले तोके बमोजिम अनुदान रकम ।
आवश्यक शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित् विषयमा बि.एड वा सो सरह उत्तीर्ण।
परीक्षा दस्तुरः रु. २,०००/- (अक्षेरुपी दुई हजार) मात्र ।
दरखास्त दिने अन्तिम मितिः २०८०/०१/१२ गत (विद्यालय समय भित्र) ।
सम्पर्क मितिः २०८०/०१/१२ गते ।
परीक्षा मितिः सम्पर्क मितिको दिन जानकारी गराईनेछ ।
परीक्षाको किसिम : लिखित र मौखिक ( आवश्यकताअनुसार कक्षा अवलोकन ।
आवश्यक कागजातः नेपाली नागरिकता, मा वि तहको स्थायी अध्यापन अनुमतिपत्र, शैक्षिक योग्यता र अनुभवको प्रमाणित प्रतिलिपि २/२ थानका साथ हस्तलिखित निवेदन ।

थप जानकारीका लागि
सम्पर्क नं.: ०५७५२२९६५
प्रधानाध्यापक

## कविता प्रतियोगितासम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका वडा नं. १० कार्यालय र आँचल साहित्य कला पुञ्ज मकवानपुरको आयोजनामा २०८० वैशाख ५ गते पारिजात स्मृति दिवसको सन्दर्भमा 'पारिजात' विषयक खुला कविता प्रतियोगिता आयोजना गर्न लागेकाले सो कविता प्रतियोगितामा भाग लिन इच्छुक कविहरूले कविता बुझाउनु हुन हार्दिक आग्रह गर्दछौं ।

- कविता बढीमा २५० शब्दसम्मको हुनुपर्नेछ ।
- कविता 'पारिजात' विषयक हुनुपर्नेछ तर शीर्षक खुला रहन सक्नेछ ।
- कविता वैशाख ४ गते साँझ ५ बजेसम्म पुष्पलाल स्मृति पुस्तकालय, विद्यार्थी पुस्तक पसल र हेउनपा वडा नं. १० को कार्यालयमध्ये कुनै एक ठाउँमा बुझाउन सकिनेछ ।
- कार्यक्रम २०८० वैशाख ५ गते 'पारिजात स्मृति दिवस'को सन्दर्भमा दर्शन पार्टी प्यालेसको सभाहलमा दिउँसो १:३० बजे हुनेछ ।
- कार्यक्रममा पुरस्कृत कविहरूलाई प्रमाणपत्रसहित प्रथम पुरस्कार रू. ६,०००/-, द्वितीय पुरस्कार रू. ४,०००/-, तृतीय पुरस्कार ३,०००/- र सान्त्वना पुरस्कार रू. १,०००/- का दरले प्रदान गरिनेछ ।

सम्पर्क नं. ९८४५१४९०८८, ९८४५२८७५५२, ९८४५१६४५४२, वडाअध्यक्ष ९८५५०६७९९२ र १० नं. वडा कार्यालय ०५७५२०८६८
sabu.tim@gmail.com

## शैक्षिक सत्र २०८० का लागि
## नर्सरीदेखि कक्षा ९ सम्म

भर्ना खुल्यो



विद्यार्थीमैत्री शिक्षा प्रदान गरिने, विद्यार्थीको सर्वाङ्गिण विकास हुने उपयुक्त वातावरण रहेको जानकारीसहित सम्पूर्ण अभिभावकमा निश्चिन्त भएर आफ्ना बाबुनानीलाई भर्ना गराउनुहुन अनुरोध गरिन्छ ।

**ज्ञानोदय बालबाटिका आवासीय मावि**
हेटौंडा-५, पिप्ले
९८५५०६८९४०/९८०१०२९२०५

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## स्वादिष्ट नेवारी खाजा

अब




होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३



## उपमेयर कप भलिबल

# पुरुषतर्फ ११, महिलातर्फ १९ नम्बर वडालाई उपाधि



समाज संवाददाता

पदमपोखरीः पाँचौं संस्करणको उपमेयर कप भलिबल प्रतियोगिताअन्तर्गत महिलातर्फको उपाधि हेटौंडा उपमहानगर पालिका १९ नम्बर वडा र पुरुषतर्फ ११ नम्बर वडाले जितेको छ । बुधबार हेटौंडा-१२, पदमपोखरीस्थित बुद्ध माविको भलिबल कोर्टमा भएको फाइनल खेलमा ९ नम्बर वडालाई ३-२ को सेटमा पराजित गर्दै १९ नम्बर वडाले महिलातर्फको उपाधि जितेको हो । यस्तै पुरुषतर्फको फाइनल खेलमा ११ नम्बर वडाले १९ नम्बर वडालाई ३-२ को सेटमा पराजित गर्दै उपाधि रक्षा गरेको हो ।

महिलातर्फको फाइनल खेलमा पहिलो सेट २०-२५ ले आफ्नो पक्षमा पारेर सुखद् सुरुवात गरेको ९ नम्बर वडाले दोस्रो सेट २५-२१ ले १९ नम्बरलाई सुम्पियो । तेस्रो सेटमा १६-२५ उत्कृष्ट नतीजा निकालेको ९ नम्बर चौथो सेटमा २५-२२ ले पछि पर्‍यो । अन्तिम तथा पाँचौ सेट पनि निक्कै प्रतिस्पर्धात्मक बन्यो । अन्तिम सेट १५-१३ ले आफ्नो पक्षमा पार्दै १९ नम्बर वडाले उपाधि उचालेको छ ।

यस्तै पुरुषतर्फको फाइनल खेलमा सुरुवाती दुई सेट आफ्नो पक्षमा पारेको ११ नम्बर वडाले तेस्रो र चौथो सेटमा हार व्यहोरेपछि उपाधिको छिनोफानो गर्न पाँचौ सेट पनि खेल्नु पर्ने अवस्था रह्यो । पहिलो र दोस्रो सेट क्रमशः १९-२५ र २१-२५ ले गुमाएको १९ नम्बर वडाले २५-१८ र २५-२१ ले आफ्नो पक्षमा पार्दै उपाधिको दावी कायमै राखेको थियो । अन्तिम सेट १५-११ ले आफ्नो पक्षमा पार्दै ११ नम्बर वडाले उपाधि जितेको हो ।

महिला र पुरुष दुवैतर्फ उपाधि विजेता टिमले ५० हजार रुपैयाँ प्राप्त गरेको छ भने उपविजेता टिमले ३० हजार रुपैयाँमा चित्त बुझाएको छ। प्रतियोगिताको महिलातर्फ उत्कृष्ट खेलाडी १९ नम्बरकी झरना मोक्तान घोषित भइन् भने पुरुषतर्फ उत्कृष्ट खेलाडी ११ नम्बरका राजेश घिमिरे घोषित भए । महिलातर्फ उत्कृष्ट स्पाइकर १९ नम्बरकी सरिता तितुङ, उत्कृष्ट लिफ्टर ९ नम्बरकी आयुषा सिंह, उदीयमान खेलाडी ९ नम्बरकी खुसी पौडेल घोषित भइन् । पुरुषतर्फ उत्कृष्ट स्पाइकर १९ नम्बरका हेम उप्रेती, उत्कृष्ट लिफ्टर १९ नम्बरकै सफल कँडेल, उत्कृष्ट डिफेन्स ११ नम्बरका निरन सापकोटा र उदीयमान खेलाडी १२ नम्बरका विशाल जिम्बा घोषित भए । प्रतियोगितामा महिलातर्फ १४ र १७ नम्बर वडाले सान्त्वना पुरस्कार प्राप्त गरेको छ भने पुरुषतर्फ ४ र ५ नम्बर वडाले सान्त्वना पुरस्कार प्राप्त गरेको छ । सान्त्वना हुने टिमले प्रतिटिम १० हजार रुपैयाँ प्राप्त गरेको छ।

प्रतियोगिताका विजेता तथा उपविजेतालाई हेटौंडा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँले पुरस्कार वितरण गर्नुभयो । प्रतियोगिताको फाइनल खेल हेर्न तथा पुरस्कार वितरण कार्यक्रममा वडा अध्यक्षहरुको पनि उपस्थिति रहेको थियो । केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानको आयोजना, मकवानपुर जिल्ला भलिबल संघ र हेटौंडा उपमहानगर भलिबल संघको सहआयोजना तथा हेटौंडा उपमहानगरपालिकाको प्रायोजनमा उपमेयर कप भलिबल प्रतियोगिता भएको हो । प्रतियोगितामा पुरुषतर्फ १० वटा टिम र महिलातर्फ ९ वटा टिमको सहभागिता रहेको थियो ।

# विभिन्न घटनामा ७ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली, रसुवा र चितवनमा भएका छुट्टाछुट्टै घटनामा ७ जनाको मृत्यु भएको छ। विपि राजमार्गअन्तर्गत सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-३, गढीगेट नजिक भारतीय कार दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको छ । मंगलबार राती १२ बजेर ३० मिनेटको समयमा पूर्वबाट काठमाडौंतर्फ जाँदै गरेको बीआर ०६ डिडि ०६८७ नम्बरको भारतीय कार सडकबाट ५ सय फिट तल खसेर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

दुर्घटनामा भारतको मण्डीपुरसाडी समस्तिपुरका ३३ वर्षीय राजेश कुमार सिंह, ३२ वर्षीय अभिषेक सोनार, ३६ वर्षीय मनु सिंह र ४२ वर्षीय गबर सिंहको ज्यान गएको प्रहरीले जनाएको छ । दुर्घटनामा परी ३ जनाको घटनास्थलमै मृत्यु भएको र एकजनाको उपचारको क्रममा अस्पतालमा मृत्यु भएको हो । घाइते ४७ वर्षीय धर्मेन्द्र कुमार सोनीको उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ। यस्तै रसुवा जिल्लाको आमाछोदिङमो गाउँपालिका-२ ग्रेगाउँमा बिरामी भएर एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा झापा जिल्लाको अर्जुनधारा नगरपालिका-११ घर भई हाल रसुवा आमाछोदिङमो गाउँपालिका-२ ग्रेगाउँ बस्ने ४३ वर्षीय कर्ण बहादुर तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

तामाङ मंगलबार साझ ६ बजे एक्कासी बिरामी भएका थिए। उपचारका लागि तामाङलाई जिल्ला अस्पताल रसुवा, धुन्चे लगिएकोमा ११ बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । यस्तै चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-४, पानीधारामा सवारी दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कास्की जिल्ला अर्मला-३ घर भएका ५३ वर्षीय ओम बहादुर खत्री क्षेत्री रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

बुधबार बिहान १ बजेको समयमा पृथ्वी राजमार्गमा पैदलयात्री क्षेत्रीलाई ठक्कर दिएर साधन फरार रहेको प्रहरीले जनाएको छ। उक्त शव जिल्ला सरकारी अस्पताल भरतपुर लगिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ । यस्तै, चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-४, केवलकारमा एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा भारतको उत्तर प्रदेश घर भएको ४५ वर्षीय किसन ठाकुर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

मंगलबार भारतको उत्तर प्रदेशबाट भारतीय नागरिकहरु नेपाल भ्रमण आई केवलकार नजिकमा खाना पकाई रहेको अवस्थामा एक्कासी मृत्यु भएको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको र शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

# नवज्योति माविलाई शैक्षिक सामग्री सहयोग

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७, नागश्वतीस्थित नवज्योति माध्यमिक विद्यालयलाई ४ लाख रुपैयाँ बराबरको शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ। बुधबार विद्यालय परिसरमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ७ का अध्यक्ष दामोदर गौतमले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण थापा मगरलाई ४ लाख रुपैयाँ बराबरको शैक्षिक सामग्री हस्तान्तरण गर्नुभएको हो ।

विद्यालयलाई प्रविधिमैत्री बनाउन गणित र विज्ञान विषयसँग सम्बन्धित सामग्री सहयोग गरिएको वडा अध्यक्ष गौतमले बताउनुभयो । यस्ता शैक्षिक सामग्रीले विद्यार्थीको पठनपाठन प्रभावकारी हुनुका साथै विद्यालयमा विद्यार्थी संख्यामा वृद्धि हुने उहाँले बताउनुभयो । शैक्षिक सामग्री हस्तान्तरण कार्यक्रममा वडा सदस्यहरु दिनेश थापा मगर, श्यामसुन्दर परियार, सन्तुमाया पाखिन, र राधिका विक, वडा सचिव प्रशान्त श्रेष्ठ लगायत विद्यालयका शिक्षक, अभिभावकको उपस्थिति रहेको थियो ।

# ४६ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः नेपाल राष्ट्रिय शिक्षक संगठन थाहा नगर समितिको आयोजनामा ४४ औं शिक्षक दिवस विविध कार्यक्रमसहित सम्पन्न भएको छ । दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा ४६ जनाले रक्तदान गरेका छन् । नेपाल रेडक्रस सोसाइटी, केन्द्रिय रक्तसञ्चार सेवा काठमाडौंबाट आएको प्राविधिक टोलीको सहयोगमा रक्तदान कार्यक्रम भएको हो ।

संगठनको चौथो नगर परिषद्को अवसरमा रक्तदान कार्यक्रम भएको हो । थाहा नगर समिति अध्यक्ष रूपचन्द्र गोपालीको सभाध्यक्षता, जिल्ला उपाध्यक्ष कृष्णप्रसाद पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न चौथो नगर परिषदमा कोषाध्यक्ष सचिन बलले आर्थिक प्रतिवेदन तथा सचिव कृष्ण प्रसाद लामिछानेले संस्थागत गतिविधि सम्बन्धी प्रतिवेदन सर्वसम्मत पारित भयो ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
Email:sambridhasamaj@gmail.com

एसईई सकियो । अब के गर्ने ?
Bridge Course कि Career Course ?

पत्रकारितामा रुचि भएका विद्यार्थी साथीहरुलाई एईइपछिको विदाको समयमा हामी प्रशिक्षण दिने छौं । उच्च शिक्षाको अवसर समेत रहेको व्यावसायिक र रोजगारमूलक विषयमा प्रशिक्षित भई भविष्य सुनिश्चित गर्नुहोला । यही मिति २०८० साल बैशाख ५ गतेभित्र सम्पर्क गर्नुहोला ।

समाचार संकलन, लेखन, समाचार वाचनसँगै समग्र सामाजिक व्यक्तित्व समेत निर्माणमा सहयोग पुग्नेछ ।

आफ्ना बालबालिकाको रुचि र चासो बुझेर अभिभावक वर्गले पनि आवश्यक सहजीकरण गरिदिनुहुन अनुरोध गरिन्छ ।

(नोटः अध्ययन र लेखनमा रुचि र अभ्यास भएका इच्छुक उम्मेदवार लाई प्राथमिकता दिइनेछ ।)

प्रशिक्षण बैशाख पहिलो सातादेखि सुरू हुनेछ ।

सम्पर्क
समृद्ध समाज राष्ट्रिय दैनिक
सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
हेटौंडा-४, अजरअमररोड
०५७-५२५४५६










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ